# बेनी नगर कार्यपालिका बैठकका निर्णयहरु (आ.व. २०७९/०८०, बैठक नं १५)

मिति २०८० असार ८ गते

**प्रस्तावहरु :**

१. विगतको निर्णय समीक्षा तथा खर्च अनुमोदन गर्ने ।
२. नीति तथा कार्यक्रम पारित गर्ने
३. बजेट भाषण पारित गर्ने
४. आर्थिक विधेयक र विनियोजन विधेयक पारित गर्ने
५. वडाका योजना पारित गर्ने
६. विषयगत योजना पारित गर्ने
७. राजश्व परामर्श समितिको बैठकको निर्णय तथा करका दर अनुमोदन गर्ने
८. घर बहाल कर कार्यविधि पारित गर्ने
९. नगर शिक्षा समितिको निर्णय पारित गर्ने
१०. सडक मापदण्ड को सेटब्याक घटाउने
११. न्यायिक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने
१२. संस्था दर्ता विधेयकको मस्यौदा पारित गर्ने
१३. उपभोक्ताको जनसहभागिताको प्रतिशत र कन्टिन्जेन्सी रकम सम्बन्धमा
१४. विविध

**निर्णयहरु :**

१. बेनी नगरपालिकाका विगतका कार्यपालिकाहरुबाट भएका सबै निर्णयहरुको समीक्षा गरियो । चालु आ.व.मा हालसम्म भएका सबै खर्चहरु अनुमोदन गर्ने र नगर कार्यपालिकाको निर्णय कार्यान्वयनमा सबैसँग समन्वय र सहकार्य गरी अघि बढ्ने । साथै नगर कार्यपालिकाको तर्फबाट हालसम्म भएका सबै निर्णयहरु अनुमोदनका लागि नगरसभामा पेश गर्ने ।

२. बेनी नगरपालिकाको आगामी आ.व. २०८०/०८१ का लागि तर्जुमा गरिएको नीति योजना तथा कार्यक्रमलाई पारित गरी नगरसभामा पेश गर्ने ।

३. बेनी नगरपालिकाको आगामी आ.व. २०८०/०८१ का लागि तर्जुमा गरिएको राजश्व तथा व्यय अनुमानलाई पारित गरी नगरसभामा पेश गर्ने ।

४. बेनी नगर कार्यपालिकाको कार्यालय तर्फबाट पेश भएको आर्थिक विधेयक, २०८० तथा विनियोजन विधेयक २०८० को मस्यौदालाई पारित गरी नगरसभामा पेश गर्ने ।

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख

५. राजश्व परामर्श समितिको निर्णय अनुसार आगामी आर्थिक वर्षका लागि प्रस्तावित करका दरहरुको विश्लेषण समेतका आधारमा तयार पारिएको प्रतिवेदन बैठकमा छलफल भयो । राजश्व परामर्श समितिको उक्त निर्णय र प्रतिवेदन अनुमोदन गरी आगामी नगरसभामा पेश गर्ने ।

६. स्रोत अनुमान समितिबाट तयार गरिएको वडागत तथा क्षेत्रगत बजेट सीमालाई अनुमोदन गर्ने र स्रोत अनुमान समितिको निर्णय कार्यान्वयन गर्नुका साथै सीमा भित्र रही तर्जुमा गरिएका बजेट तथा कार्यक्रमलाई आगामी नगरसभामा पेश गर्ने ।

७. विभिन्न वडा समितिबाट आगामी आ.व. २०८०/०८१ का लागि तर्जुमा भएको बजेट तथा कार्यक्रम लाई अनुमोदनका लागि नगरसभामा पेश गर्ने ।

८. विभिन्न विषयगत समितिबाट आगामी आ.व. २०८०/०८१ का लागि तर्जुमा भएको बजेट तथा कार्यक्रम लाई अनुमोदन गरी आगामी नगरसभामा पेश गर्ने ।

९. बेनी नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट आगामी आ.व. २०८०/०८१ का लागि पेश भएका विभिन्न विषयगत समिति तर्फका योजनाहरुलाई अनुमोदन गरी आगामी नगरसभामा पेश गर्ने

१०. बेनी नगर कार्यपालिकाको कार्यालयबाट तर्जुमा भई पेश भएको घर बहाल कर कार्यविधि २०८० लाई स्वीकृत गरियो ।

११. बेनी नगरपालिकाको नगर शिक्षा समितिको मिति २०८०/०३/०५ गतेको निर्णय अनुमोदन गरी हालसम्म भएका नगर शिक्षा समितिका सबै निर्णयहरु अनुमोदनका लागि नगर सभामा पेश गर्ने ।

क. मिति २०८०/०२/०४ को शिक्षा समितिको बैठकको निर्णय अनुसार वितरण भई बाँकी रहेको गणित विज्ञान छात्रवृत्ति र अति बिपन्न जेहन्दार दलित छात्रवृत्तिका लागि पुन आवेदन माग गरिएकोमा प्राप्त आवेदन मध्ये नियमानुसार तपसिल बमोजिम छात्रवृति वितरण गर्ने निर्णय गरियो

**गणित विज्ञान अध्ययन लक्षित छात्रवृत्ति**

| क.स. | नामथर | अध्ययन गर्ने तह | अध्ययन गर्ने विषय | अध्ययन गर्ने संस्था | छात्रवृत्तिको किसिम | छात्रवृत्ति रकम |
|---|---|---|---|---|---|---|
| १ | आकाश परियार | बिएड प्रथम वर्ष | गणित | म्याग्दी क्याम्पस | गणित विज्ञान | १० हजार |
| २ | ओमन बानियाँ | कक्षा १२ | गणित | बेनी सामुदायिक | गणित विज्ञान | १० हजार |

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

सुरत के.सी.
नगर प्रमुख

| क्र.स. | नामथर | अध्ययन गर्ने तह | अध्ययन गर्ने विषय | अध्ययन गर्ने संस्था | छात्रवृत्तिको किसिम | छात्रवृत्ति रकम |
|---|---|---|---|---|---|---|
| ३ | दिपा भण्डारी | कक्षा १२ | गणित | बेनी सामुदायिक | गणित विज्ञान | १० हजार |
| ४ | ज्ञानेन्द्र ब. किसान | कक्षा १२ | गणित | बेनी सामुदायिक | गणित विज्ञान | १० हजार |
| ५ | रीतिका खड्का | कक्षा १२ | गणित | बेनी सामुदायिक | गणित विज्ञान | १० हजार |
| | **जम्मा** | | | | | ५०००० |

<u>अति बिपन्न जेहन्दार दलित छात्रवृत्ति</u>

| क्र.स. | नामथर | अध्ययन गर्ने तह | अध्ययन गर्ने विषय | अध्ययन गर्ने संस्था | छात्रवृत्तिको किसिम | छात्रवृत्ति रकम |
|---|---|---|---|---|---|---|
| १ | सुबिन बिक | स्नातकोत्तर | व्यबस्थापन | म्याग्दी क्याम्पस | जेहेन्दार दलित | २० हजार |
| २ | मनिषा दमै | स्नातक तेस्रो वर्ष | व्यबस्थापन | म्याग्दी क्याम्पस | जेहेन्दार दलित | २० हजार |
| ३ | पशुपति बराइली | स्नातक दोश्रोवर्ष | मानविकी | म्याग्दी क्याम्पस | जेहेन्दार दलित | २० हजार |
| ४ | सपना किसान | स्नातक दोश्रोवर्ष | व्यबस्थापन | म्याग्दी क्याम्पस | जेहेन्दार दलित | २० हजार |
| ५ | पवित्रा बिक | स्नातक दोश्रोवर्ष | व्यबस्थापन | म्याग्दी क्याम्पस | अति विपन्न दलित | २० हजार |
| ६ | प्रमिला किसान | कक्षा १२ | | जामुनाखर्क मावि | जेहन्दार दलित | १५ हजार |
| ७ | शिव सुनार | कक्षा १२ | | प्रकाश मावि | जेहन्दार दलित | १५ हजार |
| ८ | किरण सुनार | कक्षा ११ | | जामुनाखर्क मावि | जेहन्दार दलित | १५ हजार |
| ९ | सुवास विश्वकर्मा | कक्षा ११ | | प्रकाश मा वि | | १५ हजार |
| | **जम्मा** | | | | | १६०००० |

ख. बेनी सामुदायिक मा वि बेनीले रिक्त रहेको निम्न माध्यमिक तह सामाजिक विषयको राहत शिक्षक पदलाई गणित विषयमा परिवर्तन गर्न माग भइ आएकोले माग बमोजिम विषय परिवर्तन गरि शिक्षक नियुक्तिका लागि अनुमति दिने निर्णय गरियो ।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

सुरत के.सी.
नगर प्रमुख

ग. बेनी नगरपालिकाको शैक्षिक गुणस्तर सुधार गर्ने उद्देश्येले न्युन विद्यार्थी संख्या भएका विद्यालयहरु क्रमश मर्ज गर्दै जाने र कक्षा/तह घटाउने नीति अनुसार अर्को व्यबस्था नहुँदा सम्म यस शैक्षिक सत्रमा तपसिल बमोजिम विद्यालय मर्ज तथा कक्षा घटाउन नगर कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।

| क्र.स. | विद्यालयको नाम | ठेगाना | हाल संचालित तह/ कक्षा | कायम भएको तह/कक्षा | हालका लागि बन्द गरिएको कक्षा | बन्द गर्नुको कारण |
|---|---|---|---|---|---|---|
| १ | युवाबर्ष आधारभूत विद्यालय | बेनपा-१ | आधारभूत १-५ | आधारभूत १-४ | कक्षा ५ | कक्षा ५ मा १ जना मात्र विद्यार्थी भएको |
| २ | नवदुर्गा आधारभूत विद्यालय | बेनपा-२ | आधारभूत १-५ | आधारभूत १-४ | कक्षा ५ | कक्षा ५ मा १ जना मात्र विद्यार्थी भएको |
| ३ | हंशबाहिनी आधारभूत विद्यालय | बेनपा-२ | आधारभूत १-८ | आधारभूत १-६ | कक्षा ७ र कक्षा ८ | दुवै कक्षामा शुन्य विद्यार्थी भएको |
| ४ | भूमे आधारभूत विद्यालय | बेनपा -३ | आधारभूत १-३ | कक्षा १ | कक्षा २ र कक्षा३ | दुवै कक्षामा शुन्य विद्यार्थी भएको |
| ५ | गणेश आधारभूत विद्यालय | बेनपा-५ | आधारभूत १-५ | आधारभूत १-३ | कक्षा ४ र कक्षा ५ | कक्षा ४ मा शुन्य र कक्षा ५ मा १ जना विद्यार्थी भएको |
| ६ | जगन्नाथ आ वि | बेनपा-५गाजने | आधारभूत १-३ | बालविकास केन्द्र मात्र संचालन गर्ने | आधारभूत १-३ | कक्षा १-३ मा जम्मा २ जना विद्यार्थी भएको |
| ७ | बागेश्वरी आधारभूत विद्यालय | बेनपा-६ | आधारभूत १-५ | आधारभूत १-३ | कक्षा ४ र कक्षा ५ | कक्षा ४ मा २ र कक्षा ५ मा १ जना विद्यार्थी भएको |
| ८ | सल्लेरी आधारभूत विद्यालय | बेनपा-९ | आधारभूत १-५ | आधारभूत १-३ | कक्षा ४ र कक्षा ५ | कक्षा ४ मा ० र कक्षा ५ मा २ |

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

सुरत के.सी.
नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख

| क्र.स. | विद्यालयको नाम | ठेगाना | हाल संचालित तह/ कक्षा | कायम भएको तह/कक्षा | हालका लागि बन्द गरिएको कक्षा | बन्द गर्नुको कारण |
|---|---|---|---|---|---|---|
| | | | | | | जना विद्यार्थी भएको |
| ९ | भवानी आधारभूत विद्यालय | बेनपा-९ | आधारभूत १-३ | कक्षा १ | कक्षा २ र कक्षा ३ | कक्षा २ मा २ जना र कक्षा ३ मा २ जना विद्यार्थी भएको |
| १० | वरनाथ आधारभूत विद्यालय | बेनपा-५ | आधारभूत १-५ | आधारभूत १-४ | कक्षा ५ | कक्षा ५ मा ३ जना विद्यार्थी भएको |
| ११ | चेतना आधारभूत विद्यालय | बेनपा-५ | आधारभूत १-५ | आधारभूत १-४ | कक्षा ५ | कक्षा ५ मा २ जना विद्यार्थी भएको |

घ. नगरपालिका भित्र संचालित विद्यालयहरुको विद्यार्थी संख्या, संचालित तह र उपलब्ध शिक्षक दरबन्दीको आधारमा तपसिल बमोजिम दरबन्दी मिलान तथा शिक्षक व्यबस्थापन गर्न नगर कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।

**<u>शिक्षकहरुको दरबन्दी मिलान तथा पदस्थापन</u>**

| क्र. स. | शिक्षकको नामथर | हाल कार्यरत विद्यालय | दरबन्दी मिलान गरि पदस्थापन गर्ने विद्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | पशुपति बिक | नवदुर्गा आधारभूत विद्यालय बेनपा-२ | खड्ग भवानी आधारभूत विद्यालय बेनपा-२ | नवदुर्गा आविमा कटौती ,खड्ग भवानी आविमा थप |
| २ | कर्ण बहादुर घर्ति मगर | भूमे आधारभूत विद्यालय ,बेनपा-३ | सरस्वति आधारभूत विद्यालय बेनपा-२ | भूमे आ वि मा कटौती,सरस्वति आविमा थप |
| ३ | शारदा अधिकारी | शिवालय आधारभूत विद्यालय बेनपा-४ | उपल्लाचौर आधारभूत विद्यालय,बेनपा-१ | शिवालय आ विमा कटौती, उपल्लाचौर आविमा थप |
| ४ | चेत कुमारी खड्का | सल्लेरी नरबुदि्द्ध आधारभूत विद्यालय बेनपा-९ | जडभरत शालग्राम गण्डकी संस्कृ मा वि बेनपा-९ | सल्लेरी नरबुद्दी आविमा कटौती, जड्भरत शालग्राम संस्कृत माविमा थप |
| ५ | मोहन बहादुर खत्री | जगन्नाथ आधाभुत विद्यालय, बेनपा-५,गाजने | ढोलठान आधारभूत विद्यालय बेनपा-९ | जगन्नाथ आविमा कटौती |

नगर कार्यपालिकाको कार्यालय
बेनी नगरपालिका
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

सुरत के.सी.
नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख

| क्र. स. | शिक्षकको नामथर | हाल कार्यरत विद्यालय | दरबन्दी मिलान गरि पदस्थापन गर्ने विद्यालय | कैफियत |
|---|---|---|---|---|
| ६ | सन्तोष सुबेदी | ढोलठान आधारभूत विद्यालय बेनपा-९ | बालमन्दिर आधारभूत विद्यालय बेनपा-८ | बालमन्दिर आ विमा थप |
| ७ | बिल बहादुर खड्का | भवानी आधारभूत विद्यालय बेनपा-९ | राष्ट्रिय माध्यमिक विद्यालय बेनपा-९ | भवानी आविमा कटौती, राष्ट्रिय मा विमा थप |
| ८ | टिकाराम दर्जी | वरनाथ आधारभूत विद्यालय बेनपा-५ | जनकल्याण माध्यमिक विद्यालय बेनपा-५ | बरनाथ आविमा कटौती, जनकल्याण मावि मा थप |

ङ. यस नगरपालिकामा शिक्षक सरुवा भई आउन र जानको निम्ति विद्यालय दुवै विद्यालयको व्यबस्थापन समितिको सहमति सहित सरुवाको निम्ति नगरपालिकामा सिफारिस माग गरि निवेदन आएमा नेपाल सरकारको प्रचलित नियमानुसार सरुवा गर्ने गरि शिक्षा विकास तथा समन्वय इकाई लाई सिफारिस गर्ने निर्णय गरियो ।

च. आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम निर्माण गर्ने चरण भएकोले नगरपालिकाको समग्र शैक्षिक सुधारको निम्ति सरोकारवालाहरुको सुझाब समेत समेटी आगामी ३ दिन भित्र आवश्यक सुझाब प्रदान गर्ने निर्णय गरियो ।

१२. बेनी नगरपालिकाको सार्वजनिक जग्गाको सम्झौता, भाडादर निर्धारण तथा बक्यौता असुली उपसिमितिको मिति २०८०/०२/०२ गतेको निर्णय अनुमोदन गरी उक्त समितिबाट हालसम्म विभिन्न मितिमा भएका सबै निर्णयहरु अनुमोदनका लागि नगरसभामा पेश गर्ने ।

१३. उपभोक्ता समिति तर्फबाट कार्यान्वयन गरिने योजनाहरुमा उपभोक्ताको तर्फबाट गरिने लागत साझेदारी हालसम्म १५ प्रतिशत कायम रहेकोमा आगामी आ.व. २०८०/०८१ का लागि केन्द्र तथा प्रदेशबाट शर्त सहित साझेदारीको प्रतिशत उल्लेख गरी आएका योजना बाहेकका योजना र नगरपालिकाका सबै योजनाहरु कार्यान्वयनको क्रममा उक्त साझेदारीको हिस्सालाई १० प्रतिशत कायम गरी कार्यान्वयन गर्ने गराउने निर्णय गरियो । यसका अतिरिक्त उपभोक्ता समितिबाट कार्यान्वयन गरिने योजनाहरुको कन्टेन्जेन्सी ३ प्रतिशत मात्र कटौती गर्ने ।

१४. भूउपयोग ऐन, २०७६ तथा भुउपयोग नियमावली २०७९ बमोजिम स्थानीय भूउपयोग परिषदबाट तयार गरिएको बेनी नगरपालिकाभित्रका जग्गाहरुको वर्गीकरणलाई अनुमोदन गरी नगरसभामा पेश गर्ने ।

१५. बेनी नगरपालिकाको नगरक्षेत्रभित्रका सडकहरुको सडक मापदण्डमा देहाय बमोजिम संशोधन गर्ने गरी नगरसभामा प्रस्ताव पेश गर्ने ।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

सुरत के.सी.
नगर प्रमुख

क. बेनी नगरपालिकाभित्र रहेका विभिन्न वर्गका सडकहरुको Right of Way पूर्वनिर्धारित बमोजिम नै कायम गर्ने ।

ख. बेनी नगरपालिकाको सडक मापदण्डमा २ मिटर वा सो भन्दा बढी सेट ब्याक निर्धारण भएका सडकको हकमा सेट ब्याक १.५ मिटर कायम गर्ने ।

१६. न्यायिक समितिबाट तयार पारिएको आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदनलाई पारित गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५३(२) बमोजिम नगरसभामा पेश गर्ने ।

१७. बेनी नगर कार्यपालिकाको कार्यालयतर्फबाट तर्जुमा भई पेश भएको संस्था दर्ता सम्बन्धी विधेयकलाई विधायन समितिमार्फत नगरसभामा पेश गर्ने ।

१८. बेनी नगरपालिका वडा नं २ मा कार्यरत वडा सचिव (सहायक पाँचौ) श्री राजाराम शर्माको मिति २०८०/०२/१३ गते निधन भएका कारण निजले यस कार्यालयबाट नियमानुसार पाउने सेवा सुविधा समेत हिसाब गरी कर्मचारी कल्याण कोषबाट खर्च लेख्ने गरी आवश्यक प्रकृया अघि बढाउने ।

१९. नेपाल सरकार सडक बोर्ड नेपालको साझेदारी बेनी नगरपालिका वडा नं ३ भकिम्लीस्थित दुधेखोला भकिम्ली सडक निर्माणको क्रममा उक्त सडक छेउ रहेको तिलक रोका मगरको घर भत्किन लागेको कारण सोको संरक्षणका लागि आवश्यक मेशीनरी वाल निर्माणको कार्यमा भएको खर्च रकम रु २ लाख बेनी नगरपालिकाको विपद व्यवस्थापन कोषबाट भुक्तानी गर्ने

२०. संयुक्त राजनैतिक दलित सङ्घर्ष समितिद्वारा लोकसवा तथा शिक्षक सेवा तयारीका लागि विभिन्न तयारी कक्षा सञ्चालन गर्न लागेकोले बेनी नगरपालिकाको दलित लक्षित कार्यक्रम शीर्षकबाट भुक्तानी हुने गरी रु २ लाख उपलब्ध गराउने ।

२१. श्री खड्ग भवानी आधारभूत विद्यालय बेनपा २ लाई फर्निचर खरिदका लागि दलित लक्षित रकमबाट रु ७५ हजार र मेयरसँग सामाजिक कार्यक्रमबाट रु ७५ गरी रु १ लाख ५० हजार रुपैयाँ उपलब्ध गराउने ।

२२. बेनी नगरपालिकाको नारा हालसम्म “कृषि पर्यटन र पूर्वाधार : स्वच्छ समृद्ध बेनी नगरको मूल आधार” सो लाई परिवर्तन गरी “शिक्षा, स्वास्थ्य कृषि पर्यटन र पूर्वाधार : स्वच्छ समृद्ध बेनी नगरको मूल आधार” लाई प्रयोग गर्ने गरी नगरसभामा अनुमोदनका लागि पेश गर्ने ।

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

सुरत के.सी.
नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख

२३. बेनी नगरपालिका र वडा कार्यालयहरुबाट विनियोजित ५ लाख रुपैयाँसम्मका योजनाहरुको सम्झौता, लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन स्वीकृति वडा सचिवमार्फत र अनुगमन वडा समितिमार्फत नै गर्ने गरी गरिएको अभ्यासलाई निरन्तरता दिँदै आगामी वर्षका लागि समेत सोही बमोजिम कार्यान्वयन गर्ने गराउने गरी नगरसभामा प्रस्ताव पेश गर्ने ।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३